नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

visit Nepal 2020

. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं.: २०७

मितिः- २०७६/०९/१८

विषयः- *चालु आ.व. ०७६/७७ को वजेट कार्यान्वयनको अर्धवार्षिक प्रगति पठाउने वारे ।*

श्री शाखा प्रमुखज्यू, शाखाहरू सबै, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, ववरमहल।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, नयाँबानेश्वर, काठमाण्डौ।
श्री आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर।
श्री बहुक्षेत्रीय पोषण कार्यक्रम, सिंहदरवार, काठमाण्डौ।
श्री तराई-मधेश समृद्धि कार्यक्रम, सिंहदरवार, काठमाण्डौ।
श्री समिति/प्रतिष्ठान/आयोजना/कार्यक्रमहरु सवै।

प्रस्तुत विषयमा चालु आ.व. ०७६/७७ को वजेट कार्यान्वयनको अर्धवार्षिक समीक्षाको लागि चालु वर्षको प्रथम छ महिनामा तहाँ कार्यक्रमहरुवाट सम्पादन भएका मुख्य मुख्य कार्यक्रमहरुको प्रगति तथा काम सम्पादन गर्न नसकिएको भए त्यसको कारण र वाँकी अवधिमा वजेटको प्रभावकारी कार्यान्वयनको लागि अवलम्वन गरिने सुधारको योजनाहरु सहित तपसिलमा उल्लेखित विवरणहरु २०७६/०९/२९ गतेभित्र मन्त्रालयमा उपलव्ध गराईदिनुहुन निर्देशानुसार अनुरोध छ। साथै उल्लिखित विवरणहरु planning.mofaga@gmail.com मा समेत युनिकोड कालिमाटी फण्टमा टाइप गरी उपलव्ध गराईदिनुहुन समेत अनुरोध छ।

***तपसिल***

१. वजेटमा उल्लखित नीति तथा मुख्य मुख्य कार्यक्रमहरु र मुख्य मुख्य उपलव्धी तथा प्रगति (भौतिक तथा वित्तीय प्रगति विवरणसहित)।
२. अर्धवार्षिक अवधिको खर्चको अवस्था र २०७७ असारसम्मको खर्चको संशोधित अनुमान (चालु, पूँजीगत र वित्तीय व्यवस्था समेत)।
३. कार्यक्रम कार्यान्वयन हुन नसकेको भए त्यसको कारण र अर्थ मन्त्रालयले सहजिकरण गर्नुपर्ने विषयहरु।
४. वजेटको प्रभावकारी कार्यान्वयनको लागि बाँकी अवधिमा अवलम्वन गरिने सुधारको खाका।
५. खर्च हुन नसक्ने वजेटको विवरण (चालु, पूँजिगत र वित्तीय व्यवस्थाको वजेट उपशीर्षक र श्रोतसहित)
६. प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम आयोजनाको विवरण
   - हस्तान्तण भएका कार्यक्रम/आयोजनाको नामः
   - हस्तान्तरण भएको रकम (रु लाखमा):
७. प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको तर पछि संघमा ल्याइएका कार्यक्रम/आयोजनाको विवरण।
   - कार्यक्रम/आयोजनाको नामः-
   - रकम (रु लाखमा):

(भुपेन्द्र रायमाझी)
**शाखा अधिकृत**

***सादर अवगतार्थः***
श्रीमान् सचिवज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

***वोधार्थः***
श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको Website मा Upload गरिदिनुहुन।